lुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

तानसेन, पाल्पा

इमेल : akcpalpa@gmail.com
फोन नं : ०७५ ५२०२९४
वेबसाइट : palpa.akc.gov.np

**प्रथम पटक सूचना प्रकाशन मिति २०८२/०१/१४**

आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तल उल्लेखि कार्यक्रमहरुमा सहभागी हुन इच्छुक आवेदकले सूचना प्रकाशित मितिले १५ दिन भित्र (मिति २०८२/०१/२८ गते सम्म) यस कार्यालयमा तपसिलको कागजातहरु सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाचाँ, व्यवसायिक योजना, संलग्न गर्नुपर्ने कागजात, संचालन कार्यविधि यस कार्यालयको सूचनापाटी/वेवसाईटबाट प्राप्त गर्न सकिन्छ ।थप जानकारीको लागि कार्यालयको सम्पर्क नम्बर ०७५-५२०२९४, ९८५७०६५००६, ९८५७०११५५३ मा सम्पर्क गर्न सकिन्छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु समावेश नहुने व्यवहोरा समेत जानकारी गराईन्छ ।

| क्र.सं | कार्यक्रम | संचालन गर्न सकिने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | कार्यक्रम संचालन हुने क्षेत्र वा स्थान | अनुदानको सीमा |
|---|---|---|---|---|---|
| १. | वर्षे/हिउँदे फलफूल विरुवा वितरण | -कार्यालयले विभिन्न जातका उन्नत/वर्णशङ्कर फलफूल विरुवा खरिद, ढुवानी र वितरण, -रेखाङ्कनमा सहयोग, -बगैचा व्यवस्थापनका लागि कार्यालयबाट प्राविधिक सेवा सहयोग । | - उन्नत/वर्णशङ्कर जातको फलफूल विरुवा मार्फत फलफूलको क्षेत्र विस्तार वा नयाँ बगैचा स्थापना गर्न ईच्छुक कृषक/कृषक समूह/सहकारी/उद्यमी हुनुपर्ने, -सामूहिक वा एकल रुपमा एउटै चक्लामा बगैचा स्थापना गर्नुपर्ने, -आँप, लिची, अम्बा, अनार, कागती, सन्तला, जुनार, कटहर फलफूलका विरुवा वितरण गर्न सकिने -कम्तिमा २५ वोटको बगैचा स्थापना गर्नुपर्ने । **गत आर्थिक वर्षमा सोही कार्यक्रमबाट वितरण गरिएका विरुवा मरेको अवस्थामा हाल उक्त मरेका विरुवाहरुको Gap filling गर्न बगैचा स्थापनाका कार्यक्रम सञ्चालन गर्न सकिने ।** | जिल्लाभरी | -विनियोजित बजेटको परिधिमा रही ढुवानी, मोर्टालिटी, प्याकेजिङ्गको व्यवस्थापन गरी शतप्रतिशत अनुदानमा कार्यालयबाट विरुवा उपलब्ध गराउने । |
| २. | बाली वस्तु विशेष सघन व्यवसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम(तर कारी र | - बीउ/बिरुवा तथा अन्य उत्पादन सामाग्री सहयोग, -क्षमता अभिवृद्धि, -प्रयोगशाला सेवा, बाली संरक्षण र प्राविधिक सेवा, | -कृषक/फर्म/कम्पनी/कृषकसमुह/सहकारी/ सहभागी हुन सक्ने, -देहाय बमोजिमको मापदण्ड अनुसार -क्लष्टरमा क्षेत्रफल विस्ततर गर्नुपर्ने ।<br>क्र.सं \| बाली \| क्षेत्रफल (हे.)/क्लस्टर \| बजेट रु. लाख | -जिल्लाभरी | -कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी कार्यक्रम संचालन गर्ने -बीउ/बिरुवा खरिदमा शत प्रतिशत, फलफूल बालीको हकमा प्रति खाडल |



अरबिन्द मणि त्रिपाठी
कार्यालय प्रमुख

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

**कृषि ज्ञान केन्द्र**

**तानसेन, पाल्पा**

इमेल : akcpalpa@gmail.com
फोन नं : ०७५ ५२०२९४
वेभसाइट : palpa.akc.gov.np

<table>
<tr>
<td></td>
<td>सुन्तलाजात फलफूल)</td>
<td>-प्रशोधन तथा बजारीकरण सहजीकरण,<br>-फलफूल बालीको हकमा खाडल तयारी</td>
<td><table><tr><td>१</td><td>सुन्तला जात फलफूल</td><td>१०(बढीमा ५ क्लस्टर)</td><td>१७</td></tr></table><br>नोटः<br>- तोकिएको क्षेत्रफलको कम्तीमा ८० प्रतिशत पुग्ने गरी कार्यक्रम संचालन गर्नुपर्नेछ ।तर तोकिएको भन्दा बढी क्षेत्रफलमा कार्यक्रम संचालन गर्न बाधा पर्ने छैन ।</td>
<td></td>
<td>(कम्तीमा ३*३*३ घन फुट)का लागि रु. १०० का दरले खर्च गर्न सकिने र बाँकी रकम आवश्यकताका आधारमा प्रति हेक्टर अधिकतम रु ५ हजार अन्य उत्पादन सामाग्रीका लागि खर्च गर्न सकिनेछ ।<br>-क्षमता विकास/बजारीकरण समन्वयमा प्रति बाली अधिकतम रु १ लाख खर्च गर्न सकिनेछ ।</td>
</tr>
</table>

__संलग्न गर्नुपर्ने कागजातहरु:__

१. प्रस्तावकको निवेदक (अनुसूची ३३ बमोजिम)
२. दर्ता/नविकरण भएको प्रमाण-पत्र प्रतिलिपि (समूह/निजि फर्म/कम्पनी/सहकारी) ।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा.नम्बर प्रमाण-पत्र प्रतिलिपि छनोट भएका सम्झौता पूर्व पेश गर्नु पर्ने ।
५. कार्यक्रम संचालनको लागि व्यवसायिक कार्ययोजना सहितको प्रस्ताव (अनुसूचि ३५ बमोजिम) ।
६. सम्बधित स्थानीय तहको सम्बन्धित शाखाको सिफारिस पत्र ।
७. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निणयको प्रतिलिपि (सस्था वा समूह वा कम्पनीको हकमा) ।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि ।
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान रकम ।
१०. जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम संचालन गर्नेको हकमा १० वर्ष वा तोकिएको अवधिको करार पत्र ।

..................
अरविन्द मणी त्रिपाठी
प्रमुख

अरबिन्द मणि त्रिपाठी
कार्यालय प्रमुख